"शिक्षा, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शुक्रवारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

प.सं. :- २०७६।७७(स्वास्थ्य शाखा)
च.नं. :- ३६६

मिति :-२०७६।०६।१३

**विषय: २०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारु गर्ने सम्बन्धमा ।**

**श्री स्वास्थ्य चौकी सबै**
**श्री सामुदायिक स्वास्थ्य ईकाई, बतासे**
**छथर गाउँपालिका, तेह्रथुम ।**

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २२ मिति २०७६।०५।३१ को पत्र साथ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय च.नं.३९३ मिति २०७६।०६।१२ को प्राप्त पत्रानुसार २०७६ बडा दशैं र तिहार बिदाको समयमा प्रसुती सेवा/आकस्मिक अवस्था/सम्भावित महामारी ब्यबस्थापनको लागी २४ सैं घण्टा सेवा उपलब्ध/सुचारु हुने गरी तयारी अवस्थामा रहन स्वास्थ्यकर्मीहरुको सम्पर्क नम्बर सहित Duty Chart तयार गरी सुचना पार्टीमा टासँ गर्नुहुन साथै Duty Chart सहित सो को जानकारी यस कार्यालयमा समेत पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

६।१३

(कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत
कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

श्री छथर गाउँकार्यपालिकाको
कार्यालय, तेह्रथुम
दर्ता नं. ४०५
मिति: ०७६।०६।१२

नेपाल सरकार
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

visit Nepal 2020

पत्र संख्या :- ०७६/०७७
चलानी .नं: ३५३

मिति:- २०७६/०६/१२

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै)।

विषय:- <u>२०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारु गर्ने सम्वन्धमा।</u>

प्रस्तुत विषयमा २०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारु गर्न सबै स्थानीय तहलाई यसै साथ संलग्न सेवा सुचारु गर्ने सम्वन्धी कार्यक्रम जानकारी उपलव्ध गराई दिन हुन भनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य समन्वय महाशाखाको च.नं. २२ मिति २०७६/०५/३१ को पत्रवाट लेखि आएकोले संलग्न पत्रानुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

७६।६।१२
(जगत प्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा: website मा Upload गरिदिनु हुन ।

श्री प्रशासन / स्वास्थ्य शाखा
स्वा. तथा जनसंख्या मन्त्रालयको च.नं. २२ को पत्र बमोजिम प्राप्त निर्देशन यस गा.पा. को official website मा अपलोड गरी आ-आफ्ना सबै स्वास्थ्य निकाय एवं संस्थाहरुलाई सोही बमोजिम तयारी अवस्थामा रहन र duty chart मिलान गरी सो को जानकारी यस गा.पा. कार्यालयमा पठाउनु हुन आवश्यक सूचना र निर्देशन जारी गर्नु
६।१२

अ.का. ३५
०७६।०६।८

३११९
२०७६।६।५

नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा
रामशाहपथ, काठमाडौं

☎ ४२२३५८०
४२६२६९६
४२६९७३६
४२६२८०८
४२६२९८७
४२६२४६८

प.स. ७६/७७
च.नं. ८२

मिति:-२०७६।५।३१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।

विषय :- **२०७६ बडा दशै र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्ने सम्बन्धमा ।**

उपर्युक्त विषयमा २०७६ बडा दशै र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्न सबै स्थानीय तहलाई यसै साथ संलग्न सेवा सुचारू गर्ने सम्बन्धी कार्यक्रम जानकारी उपलब्ध गराई दिनु हुन निर्देशानुसार अनुरोध छ ।

परिपत्र एवं स्थानीय निकायलाई गर्ने

..............................
महेन्द्र प्रसाद श्रेष्ठ
महाशाखा प्रमुख

**२०७६ बडा दशैं र तिहार बिदाको समयमा स्वास्थ्य सेवा सुचारू गर्ने निकायहरूले चाल्नुपर्ने कदम :**

१. अस्पताल विपद् ब्यवस्थापन समितिलाई पूर्व तयारी अवस्थामा रहने व्यवस्था मिलाउने

२. सबै अस्पतालहरूमा २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन हुने व्यवस्था मिलाउने

३. राजमार्गमा हुन सक्ने दुर्घटनालाई मध्य नजर गर्दै राजमार्ग आसपासका स्वास्थ्य संस्थाहरूलाई थप तयारी अवस्थामा रहन आवश्यक व्यवस्था मिलाउने

४. अस्पाताल फार्मेसी बिदाको समयमा पनि २४ सै घण्टा खोल्ने व्यवस्था मिलाउने

५. दशैंमा सेवामा प्रभावित नहुने गरी मात्र कर्मचारीहरूको बिदाको व्यवस्था मिलाउने

६. एम्बुलेन्स सेवा २४ सै घण्टा चुस्त दुरूस्त अबस्थामा राख्ने व्यवस्था मिलाउने

७. हाल भइरहेको डेंगु महामारी रोकथाम तथा उपचार सेवा प्रभावित हुन नदिन आवश्यक व्यवस्था मिलाउने

८. दशैं र तिहारमा हुन सक्ने महामारी र अन्य परिघटनाका लागि तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने

९. ड्युटीमा रहने चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक एवं अन्य कर्मचारीहरूको सम्पर्क नम्वर (मोबाईल तथा ल्याण्डलाईन फोन) आकस्मिक कक्षमा राख्ने व्यवस्था मिलाउने

१०. रक्त संचार सेवा प्रभावित हुन नदिन आवश्यक व्यवस्था मिलाउने

११. स्वास्थ्य संस्था सुरक्षाका लागि स्थानीय प्रशासन र सुरक्षा निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने